नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.वि.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १७६ २०८१ साल माघ २८ गते सोमबार (10 Feb. 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : क्यान्सर रोकथामका लागि ... ३ पृष्ठमा : सामाजिक सञ्जाल विधेयक ... ३ पृष्ठमा : मुठभेडमा ३१ माओवादी ...

# विभिन्न प्रहरी कार्यालयहरुमा देखिएका भौतिक तथा सवारीसाधानको समस्या १५ दिनभित्रै समाधान हुने : गृहमन्त्री लेखी



**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

मधेस प्रदेशका गृह, कानुन तथा संचारमन्त्री राजकुमार लेखीले १५ दिन भित्रै सप्तरी जिल्लाका विभिन्न प्रहरी कार्यालय, प्रहरी चौकी तथा इलाका प्रहरी कार्यालयहरुमा देखिएको भौतिक तथा सवारीसाधनहरुको अभावलाई सक्दो समाधान गर्ने बताएका छन् ।

सप्तरी प्रहरीको भौतिक अवस्था, बसोबासको अवस्था तथा सवारीसाधनको अवस्थाबारे आइतबार जिल्ला प्रहरी कार्यालय सप्तरीको निरिक्षणका क्रममा उनले यस्तो बताएका हुन् ।

निरिक्षणका क्रममा मन्त्री लेखीले भने, "आफू यही जिल्लाको भएकोले जिल्ला प्रहरी कार्यालयको समस्याबारे अवगत छु ।" उनले भने, 'केन्द्र सरकारले हामीलाई कुल ३० प्रतिशत बजेट मात्रै दिएको छ, त्यसकारण हामीले बजेटको हिसाबमा समस्या नै छ । तैपनि आवश्यकता अनुसार प्रदेश सरकारले प्रहरी सहयोग गर्नेछ ।"

उनले जिल्लाको इलाका प्रहरी कार्यालय कंचनपुर, फत्तेपुरस्थित नेपाल प्रहरी र सशस्त्र प्रहरीको कार्यालय, बरमझियाको सशस्त्र प्रहरीको भवन, डाक्नेश्वरीस्थित नेपाल प्रहरीको चौकी, राजविराजस्थित प्रहरी तालिम केन्द्रमा देखिएको भौतिक तथा सवारीसाधनको अभावलाई १५ दिनभित्रै समाधान गर्ने प्रयासमा रहेको बताए ।

उनले भौतिक तथा सवारीसाधनको अभाव रहेका जिल्लाका बाँकी प्रहरी कार्यालयहरुमा आगामी वर्षको बजेट बिनियोजन गरि समस्या समाधान गर्ने प्रतबिद्धता समेत जनाएका छन् ।

निरिक्षणका क्रममा गृहमन्त्री लेखीलाई सप्तरी प्रहरी प्रमुख ढकेन्द्र खतिवडाले कार्यालयमा सवारीसाधनको अभाव रहेको बताउँदै उनले सप्तरी जिल्ला प्रहरीको भौतिक अवस्था तथा चुनौतीहरुको बारेमा जानकारी गराएका थिए ।

'सप्तरी प्रहरीमा कुल ३ वटा पिकअप गाडी रहेकाले गस्ती तथा पेट्रोलिङ गस्तीमा समस्या आइरहेको गृहमन्त्रीलाई जानकारी गराइएको छ,' एसपी खतिवडाले भने, "जिल्लामा एसपी चढ्ने गाडीसहित कुल ३ वटा पिकअप गाडी रहेको छ । जुनकारण जिल्लमा गस्ती, पेट्रोलिङ तथा भिभिआइपी सुरक्षाका लागि सवारीसाधन उपलब्ध गराउन कठिनाइ हुने गरेको छ ।"

यस्तै उनले सप्तरी प्रहरीलाई भौतिक संरचनाको अवस्था पनि दयनीय रहेको जानकारी पनि गराएका थिए ।

यसअघि मन्त्री लेखी कै विशेष पहल तथा ब्रिटिस दूतावासको आर्थिक सहयोगमा इलाका प्रहरी कार्यालय कञ्चनपुर सप्तरीको नयाँ भवनका लागि ३ करोड बजेट स्वीकृत भएको तथा चालू आ.व. २०८१/०८२ मै उक्त बजेटबाट नयाँ भवन निर्माणको कार्य सुरु हुने जनाइएको छ ।

## जनमत र नाउपाबीच चाँडै पार्टी एकता हुन्छ : रेशम चौधरी





**दैनिक समाचारदाता**
**काठमाडौं, २७ माघ ।**

नागरिक उन्मुक्ति पार्टी ( नाउपा) का संरक्षक रेशम चौधरीले जनमत पार्टीसँग चाँडै पार्टी एकता हुने संकेत गरेका छन् ।

***बाँकी अन्तिम पृष्ठमा***

## महिलालाई आत्मनिर्भर बनाउने उद्देश्यले तीन महिने तालिम सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २७ माघ ।**

नेपाल-भारत मैत्री संघ केन्द्रिय समितिको सहकार्यमा नेपाल-भारत मैत्री संघ शाखा सप्तरीले गरिब र पीछिडिएका समुदायका महिलाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले तीन महिने सिलाई कटाई तालिम आयोजना गरेको छ ।

राजविराजमा आइतबारदेखी सुरु भएको उक्त तालिमले जिल्लाका विपन्न महिलालाई सीपसंगै आर्थिक उपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले तालिम संचालन गरिएको नेपाल-भारत मैत्री संघ सप्तरी शाखा अध्यक्ष मनोज मुन्धडाले बताए ।

अहिले प्रारम्भिक चरण मै २४ जना महिला सिलाई कटाइ तालिममा सहभागी भएको प्रशिक्षिक प्रमिला यादवले बताईन । तालिममा सहभागी महिलाहरुलाई उनले कुर्ती, सलवार, हरेक डिजाईनका कुर्ता, पाइन्ट लगायतका सीप सिकाउन थालेकी छिन ।

स्थानीय छिन्नमस्ता अस्पतालको सभाकक्षमा नि:शुल्क रुपमै सूरु भएको सिलाई कटाई तालिमका लागी ११ वटा सिलाई मेशिन संघका केन्द्रिय सहअध्यक्ष शैलेन्द्र मोहन झा र संघका जिल्ला अध्यक्ष मनोज मुन्धडाले निजी खर्च गरेर खरिद गरी सहयोग स्वरुप उपलब्ध गराएका छन ।

विपन्न महिलालाई आय आर्जनको श्रोत जुटाउन र आत्मनिर्भर बनाउन तालिमले सहयोग पुऱ्याउने आयोजकको विश्वास छ ।

## 'नि:शुल्क उपचारको दुरूपयोग हुन नदिनुहोला'

काठमाडौं, २७ माघ (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले कीर्तिपुर अस्पतालको बर्न वार्डमा जलनपीडितहरूको उपचार अवस्थाबारे जानकारी लिनुभएको छ । उहाँले काठमाडौँ-२८ कमलपोखरीस्थित एक म:म: आउटलेटमा आगलागी हुँदा जलेर घाइते भएका बिरामीको उपचार अवस्थाबारे आइतबार जानकारी लिनुभएको हो ।

मन्त्री पौडेलले अस्पतालका अधिकारीहरूसँग नि:शुल्क उपचार सेवा आवश्यक पर्नेलाई मात्र दिनुपर्नेमा जोड दिनुभयो । "सरकारले आर्थिक अभावमा कोही पनि जलन प्रभावितले उपचार नपाउने अवस्था रोक्न हामीले नसक्नेलाई नि:शुल्क उपचार व्यवस्था गरेका हौं", मन्त्री पौडेलले भन्नुभयो, "सुविधाको सदुपयोग भएको निश्चित गर्नुहोला, दुरूपयोग हुन नदिनुहोला ।"

मन्त्री पौडेलले जलनको समस्या बढिरहेको भन्दै उपचार प्रभावकारी र सबैको पहुँचमा पुऱ्याउनुका अलावा समस्या बढ्न नदिन चेतनाका लागि सरोकारवालाबीच सहकार्य गर्नेसमेत बताउनुभयो । उहाँले भन्नुभयो, "जलन प्रभावितको उपचार प्रभावकारी बनाउन हामी यथासम्भव विकल्पका लागि तयार छौं ।"

आर्थिक अभाव भोगेका नागरिकलाई नि:शुल्क उपचारका लागि भन्दै अस्पतालमा उपचारका लागि कीर्तिपुर नगरपालिकामार्फत रू दुई करोड निकासा गरेको मन्त्रालयले जनाएको छ । यसबाहेक सरकारी वीर अस्पतालमा रहेको जलन वार्डमार्फत पनि आर्थिक समस्या भोगेका बिरामीको नि:शुल्क उपचार भइरहेको छ ।

मन्त्री पौडेलको सचिवालयका अनुसार कीर्तिपुर अस्पतालमा १८ बेडको बेग्लै अस्पताल भवनका लागि चौधरी समूहबाट प्रतिबद्धता प्राप्त भएको छ । गत साता मन्त्री पौडेलसँग चौधरी ग्रुपका सञ्चालक एवं सांसद विनोद

***बाँकी अन्तिम पृष्ठमा***

**सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।**

सार्वजनिक निकायले:
- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलव्ध गराऔं,

सूचना मागकर्ताले:
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### निर्माणाधीन अवस्थामै हटिया पुनः अतिक्रमणको चपेटमा

राजविराजस्थित हटिया निर्माणाधीन अवस्थामै अतिक्रमणको चपेटमा परेको छ। ऐतिहासिक हटियालाई भत्काई पुर्ननिर्माणका लागि चार वर्षदेखी कामहरु भइरहेको छ। दुई वर्षअघि त्यहाको जग्गा अतिक्रमण मुक्त गराई सडक र नाला निर्माण भएको हो। दुई वर्षमै निर्माण कार्य सम्पन्न गर्ने सम्झौता भएपनि ठेकेदार कम्पनीको हेलचक्राईका कारण अझै ती कार्य सम्पन्न हुन सकेको छैन्।

हटियाको सटरहरु निर्माणका कार्य भइसकेको छ। तर, ती सटरहरुको अन्तिम काम गर्न बाँकी नै रहेको छ। यस्तै हटिया भित्रको बाटो तथा नाला निर्माणका कामहरु  सम्पन्न भइसकेको छ। नालामाथी स्ल्याब समेत राखिएको छ। त्यही नालामाथी राखिएको स्ल्याब समेतलाई व्यापारीहरुले अतिक्रमण गरि व्यापार गरिरहेका छन्। कतिपयले त आफ्नो घरदेखी स्ल्याबसम्म अस्थायी रुपमा छाना राखी दिनभरी व्यापार गरिरहेको पाइएको छ। तर, नगरपालिकाको अझै ध्यान जान सकेको छैन्।

लामो समयपछी अतिक्रमणमुक्त गरि पुर्ननिर्माण भइरहेको हटिया निर्माणाधीन अवस्थामै पुनः अतिक्रमणको चपेटमा पुग्दा सम्बन्धीत निकायको मौनताले प्रश्न चिन्ह खडा गरेको छ। तसर्थ हटियाको अतिक्रमण हटाएर नगरपालिकाले युद्ध जितेको महसुस गरे जस्तै पुनः अतिक्रमणको चपेटमा पर्दै जाँदा कीन मुकदर्शक बनेको छ ? यस्ता कार्यलाई अविलम्ब रोकिएन भने भविष्यमा विगत झै पूर्णरुपमा अतिक्रमण हुने कुरामा दुईमत नहोला।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# क्यान्सर रोकथामका लागि एचपिभी खोप अभियान

**नेत्र सुवेदी**

काठमाडौँ, २७ माघ (रासस)।

आउँदा दिनहरूमा सन्दर्भ फेरिएला तर वर्तमानमा भने पाठेघरको मुखको क्यान्सर अर्थात सर्भिकल क्यान्सर नेपालमा जनस्वास्थ्य समस्याको रुपमा पहिचान भएको छ। नेपाली महिलालाई हुने विभिन्न क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो स्थानमा रहेको र क्यान्सर भएर मृत्यु हुनेको सङ्ख्यालाई केलाउँदा भने सर्वाधिक बढी मृत्यु हुने यो खालको क्यान्सर रहेको छ। यो रोग ह्युमन प्यापिलोमाभाइरस (एचपिभी) को सङ्क्रमणका कारणले हुन्छ। यो भाइरस मानव शरीरमा २० वर्षको अवधिसम्म रह्यो भने क्यान्सर हुने बताइएको छ।

सन् २०२२ मात्र एक वर्षमा नेपालमा २१६९ जनालाई एचपिभी सङ्क्रमण भएको र तीमध्ये १३१३ को क्यान्सरको कारण मृत्यु भएको अभिलेखले देखाएको छ। यही प्रवृत्ति कायम रहँदा पनि दैनिक ६ जना महिलालाई पाठेघरको क्यान्सर हुने र चार महिलाको ज्यान जाने देखिन्छ, जुन काम भयाभह अवस्था हैन। यस सन्दर्भमा अमूल्य मानव जीवनलाई जोगाइराख्नका लागि खोपको खोजी हुनु, सफल परीक्षण हुनु र आमरुपमा प्रयोगमा ल्याइनुलाई असल संयोग मान्नुपर्दछ।

**एचपिभी खोप कस्तो खोप हो ?**

एचपिभी खोप भनेको पाठेघरको मुखको क्यान्सर गराउने सङ्क्रमणविरुद्ध दिइने खोप हो। भाइरस विभिन्न माध्यमबाट सर्ने भए तापनि रोगको हिसाबले क्यान्सर नसर्ने रोग हो। महिलाको ज्यानै जाने खतरनाक खालको क्यान्सरका रुपमा पाठेघरको मुखको क्यान्सरलाई मानिएको छ। साविकमा सर्ने रोगमा मात्र खोप केन्द्रित भएकोमा हाल आएर प्रमुख स्वास्थ्य जोखिमका रुपमा देखापरेको पाठेघरको मुखको क्यान्सरको कारक भाइरसविरुद्ध खोपबाट रोकथाम गर्न खोजिएको हो। अष्ट्रेलियन टेक्निकल एड्भाइजरी ग्रुप अन इम्युनाइजेसनले सन् २०१३ मा एक डोज भएको एचपिभी खोप सिफारिस गरेपछि एकल डोज खोप प्रयोगमा आएको छ। अरु खोप जस्तै यो खोपले पनि सङ्क्रमणसँग प्रतिरक्षा प्रणालीद्वारा लड्न सहयोग गर्दछ। कथं कदाचित पूरै रोक्न नसकेपनि रोगको गम्भीरतालाई घटाउँछ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २००६ मा प्रमाणित गरी प्रयोगमा आउन सुरुभएको एचपिभी खोप हाल एक सय ४५ भन्दा बढी देशमा प्रयोगमा आएको छ।

विगतमा नेपालमा समेत परीक्षण गरी सफल भएको आधारमा दिन थालिएको यो खोप सुरक्षित छ, प्रयोगकर्तालाई निःशुल्करुपमा उपलव्ध हुन्छ र जीवनरक्षा गर्दछ। यो वर्ष पहिलो वर्ष पनि भएको र १० देखि १४ वर्षसम्मका किशोरीलाई समेट्ने भएको हुँदा नेपालभर १६ लाख ८८ हजार सात सय ६८ जनाले खोप लगाउने अनुमान छ। नेपालमा यो खोपलाई भित्र्याउनका लागि आर्थिक सहयोग गर्ने गाभीलगायतका संस्थाको सहयोगलाई सरहाना गरिनुपर्दछ किनकी नेपाली महिलाले भोग्दै आएको समस्याका लागि ढिलै भए पनि रोकथामको यो बाटो सम्भव भयो।

**खोप अभियानको व्यवस्थापन**

वास्तवमा एचपिभी खोप अभियानमा सङ्घ, प्रदेश र स्थानीय तह तीनवटै तहका सरकारको सक्रिय सहभागिता रहने देखिन्छ। केन्द्रमा राष्ट्रिय खोप सल्लाहकार समिति रहेजस्तै प्रत्येक जिल्लामा जिल्ला समन्वय समितिका अध्यक्षको संयोजकत्वमा जिल्ला खोप समन्वय समिति रहने व्यवस्था छ, जसले खोप अभियानलाई सफल बनाउनका लागि समन्वय र सहजीकरण गर्ने गर्दछ। नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरुप पहिलोपटक २०८१ माघ २२ देखि फागुन ६ सम्म राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत यो खोप लगाउने कार्य अभियानकै रुपमा देशभर सञ्चालन भइरेको छ। यो वर्ष खोप दिइने १० देखि १४ वर्ष उमेरका बालिका तथा कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने छात्रा रहने हुँदा मूलतः खोप अभियान विद्यालय केन्द्रित हुने अनुमान लगाउन सकिन्छ। नेपालमा यो वर्ष सिकोलिन नाम गरेको खोप दिइँदैछ। यो खोप बाँया पाखुराको मासुभित्र दिइन्छ। मुख्यगरी दुई अवस्थामा यो खोप नलगाउन भनिएको छ। पहिलो भनेको गर्भवती भएमा वा हुने सम्भावना छ भने र दोस्रो पहिलो खोप लगाएपछि एनाफाइलेक्सिस नामक एलर्जी देखापरेको छ भने त्यस्तो व्यक्तिलाई पुनः खोप दिनुहुँदैन।

जिल्लामा रहेका स्थानीय तहको सङ्ख्या, भौगोलिक वितरणको अवस्था तथा सूचीकृत भएका बालिकाको सङ्ख्याअनुसार अभियान सञ्चालन हुने अवधि कम वा बढी हुन सक्छ। जस्तो कि बागलुङ जिल्लामा एचपिभी खोप यही माघ २२ देखि फागुन ३ सम्म सम्पन्न गर्ने गरी कार्यतालिका तय भएको छ। माघ २२ देखि २८ सम्म बागलुङ नगरपालिका, जैमिनी, वरेङ, गलकोट र ताराखोलामा लगाइँदैछ भने बाँकी स्थानीय तह ढोरपाटन नगरपालिका, निसीखोला गाउँपालिका, वडिगाड गाउँपालिका र तमानखोला गाउँपालिकामा भने माघ २९ देखि फागुन ३ सम्म सञ्चालन हुने गरी तय भएको छ। खोप अभियान नेपालका सबै जिल्लामा २०८१ माघ २२ विश्व क्यान्सर दिवसको दिनबाट सुरु भइसकेको छ,भने खोप लगाउन बालिकाको उत्साहजनक उपस्थिति रहँदै आएको मिडियाहरूले जनाएका छन्।

**रोकथामका लागि खोप अभियान**

पाठेघरको मुखको क्यान्सर रोगको निवारणका लागि विश्व स्वास्थ्य सङ्गठनले तीनवटा स्वास्थ्य सेवाको गन्तव्य निर्धारण भएको अवस्था छ। पहिलो भनेको रोग लाग्ने अवस्था नै आउन नदिन प्रारम्भिक किशोरावस्था अर्थात १० वर्षदेखि १४ वर्षसम्मका किशोरीलाई पाठेघरको मुखको क्यान्सर सिर्जना गर्ने एचपिभीविरुद्धको खोप दिनु हो भने दोस्रो भनेको ३० वर्षभन्दा माथिको उमेरका महिलालाई पाठेघरको मुखको क्यान्सरको परीक्षण (स्क्रिनिङ) गर्नु हो जसमा उच्च गुणस्तरीय विधिबाट पाठेघरको मुखको परीक्षण गरी क्यान्सर भएनभएको पत्ता लगाउनु हो अर्थात निदान गर्नु हो भने तेस्रो भनेको यसरी पाठेघरको मुखको क्यान्सर निदान भएका व्यक्तिको उपचार गर्नु हो।

उल्लेखित तीन सेवामध्ये दोस्रो र तेस्रो सेवा नेपालमा विगतदेखि नै उपलब्ध हुँदै आएको थियो भने यो वर्षदेखि पहिलो अर्थात खोप अभियानमा एचपिभीविरुद्धको खोपलाई समावेश गरी अभियान सञ्चालन प्रारम्भ भइसकेको छ। प्रत्येक सेवामा उपलब्धि न्यूनतम् ९० प्रतिशत कायम गर्ने लक्ष्य राखिएको पनि छ। खोप अभियानमा एचपिभीविरुद्धको खोप समावेश गर्ने विषय चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत समेटिएको थियो।

एचपिभी खोप यो वर्ष १० वर्षदेखि १४ वर्षसम्मका किशोरकिशोरी विद्यालयमा भए विद्यालयमै गएर र विद्यालयबाहिर भए पायकपर्ने खोप केन्द्रमार्फत यो खोप दिइँदैछ। यो वर्ष सबै किशोरीलाई लक्षित गरी खोप दिने र आगामी वर्षदेखि भने १० पूरा गरेका किशोरीलाई मात्र लक्षित गर्ने गरी खोप कार्यक्रम निर्धारण भएको छ। एकपटक लगाए हुने र एउटा खोपमा ०.५ मिलि बराबरको एक भायल मात्राका रुपमा हुने बताइएको छ।

**खोप अभियानलाई प्रभावकारी कसरी बनाउने ?**

देशकै समस्याका रुपमा बढिरहेको रोगको सिर्जना गर्ने भाइरसकाविरुद्ध दिने भएको हुँदा यो खोप अभियान जनताप्रति सरकारको संवेदनशीलता र जवाफदेहिताको एउटा उदाहरण पनि हो। अवस्य पनि यो सबैको सहयोगमा सम्पन्न गर्ने अभियान हो। खासगरी जोखिम समूहमापर्ने सबै किशोरीका लागि यो अवसर पनि हो। सबैलाई खोपको दायरामा ल्याउनका लागि यो खोप सम्बन्धमा रहेका र रहन सक्ने भ्रम निवारण गर्न सक्नुपर्दछ।

स्वास्थ्यकर्मी, शिक्षकशिक्षिका, सञ्चारकर्मीले यसका विभिन्न पक्षमा समाज परिवार र व्यक्तिको तहसम्म जानकारी उपलव्ध गराउन अगुवाइ गर्नुपर्ने हुन्छ। विभिन्न खाले मिडियाबाट प्रतिष्ठित चिकित्सकले एचपिभी खोप सम्बन्धमा सत्यतथ्य जानकारी गराउनु उपयुक्त हुन्छ। जिम्मेवारीमा रहेका व्यक्ति नै खोप केन्द्रमा पुग्नु र कोही छुटेनछुटेको सम्बन्धमा फिल्डमा खटिएका व्यक्तिबाट विवरण माग गर्नु पनि यसप्रतिको चासोको प्रमाण हुनसक्छ।

पहिलो पटक सञ्चालन हुन लागेको एचपिभी खोप अभियानलाई व्यवस्थित र संस्थागत रुप दिनका लागि एचपिभी खोप सेवा सञ्चालन निर्देशिका २०८१ समेत प्रयोगमा ल्याइएको छ।

त्यसैगरी खोप अभियान सम्बन्धमा केही जिज्ञासा भए सोध्नका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको निःशुल्क हेल्पलाइन “हेल्लो स्वास्थ्य” को सम्पर्क नम्बर १११५ मा फोन गर्न वा नजिकको स्वास्थ्य संस्थामासमेत सम्पर्क राख्न सकिने देखिन्छ। सुरुमा नामावली सङ्कलनदेखि खोप लगाइसकेपछिको अवस्थामा अनपेक्षित घटना भइहाल्यो भने सम्बोधनका लागि बालिका स्वयम्, अभिभावक र खासगरी स्वास्थ्यकर्मी निकै चनाखो हुनु जरुरी हुन्छ।

एचपिभी खोप महिलासँग सरोकार राख्ने भएकोले यो खोप अभियानका बखत महिला स्वास्थ्यका अन्य आयामलाई समेत आवद्ध गर्ने सम्भावना रहन्छ। जस्तो कि किशोरावस्थाका बालिकामा महिनाबारी सम्बन्धमा अन्योल हुनसक्ने, कौतुहलताका साथै यौनलाई हामीकहाँ आवश्यक भन्दा पनि बढी लज्जाको विषय पनि बनाइएको सन्दर्भमा एचपिभी खोप अभियानकै क्रममा पनि महिनावारी स्वास्थ्य र सरसफाइका लागि सचेतना समेत सम्भव हुन्छ।

महत्वपूर्ण कुरा त महिनाबारी भएको अवधिमा समेत यो खोप लगाउन सकिने भनिएको छ। त्यस्तै प्रजनन अङ्गको सरसफाइ, स्यानिटरी प्याड तथा सुतिको कपडाको के कसरी प्रयोग गर्ने भन्ने विधि, महिनावारी भएको अवधिमा सम्भव हुने शारीरिक अभ्यासको जानकारी, प्रयोग गरिसकेका प्याड तथा कपडाको उचित विसर्जनको तरिका सम्बन्धमा व्यक्तिलाई विभिन्न प्रचार सामग्रीमार्फत र खोप लिइसकेपछिको उपलब्ध समयमा सामूहिकरुपमा जानकारी गराउँदा पनि प्रभावकारी हुने देखिन्छ।

**निष्कर्ष**

एचपिभी खोप लैङ्गिकरुपमा संवदेनशील र पहिलो प्राथमिकतायुक्त कार्यक्रम मात्र होइन कि हामी सबैको साझा अभियान पनि हो। नेपालमा पहिलोपटक २०८१ माघ २२ देखि फागुनको पहिलो हप्तासम्म यो खोप अभियानकै रुपमा सञ्चालनमा रहेको छ। पाठेघरको क्यान्सर गराउने भाइरसको दुई प्रजाति जसले उक्त क्यान्सर गराउन ९८ प्रतिशत भूमिका खेल्दछ।

ती प्रजातिलाई लक्षित गरेर सिकोलिन नामक भ्याक्सिन प्रारम्भिक किशोरावस्थाका बालिकालाई दिँइदैछ। रोग लागेपछि निदान र उपचारका लागि भौतारिनुभन्दा पनि रोग नै लाग्न नदिन यो उपाय प्रभावकारी रहने नै छ। खोपका सम्बन्धमा केही अन्योल वा भ्रम छ भने त्यसलाई चिर्दै खोप कार्यत्रमका अलावा द्रुत अनुगमनलाई समेत प्रभावकारी बनाउनु आवश्यक छ। सन् २०३० सम्ममा पाठेघरको मुखको क्यान्सरलाई जनस्वास्थ्य समस्या नरहने हदसम्ममा निवारण गर्ने विश्वव्यापी लक्ष्य हासिल गर्न हामी सबैले आ-आफ्नो क्षेत्रबाट ऐक्यबद्धता जनाऔँ। एचपिभी खोप अभियान सफल पारौँ।

# सामाजिक सञ्जाल विधेयक राष्ट्रियसभामा पेस, विधेयकमा के-के छन् ?

काठमाडौँ, २७ माघ (रासस) ।

राष्ट्रियसभामा सामाजिक सञ्जाल विधेयक, २०८१ पेस भएको छ । सभाको आइतबारको बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङकाले उक्त विधेयक पेस गर्नुभयो । त्यसअघि राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले उक्त विधेयकमाथि कुनै पनि विरोधको सूचना प्राप्त हुन नआएको व्यहोरा जानकारी गराउनुभयो ।

सरकारले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन कानुन निर्माण गर्नेपर्ने आवश्यकता महसुस गरी यही माघ १५ गते राष्ट्रियसभामा उक्त विधेयक दर्ता गराएको थियो । सञ्चारमन्त्री गुरुङले सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालको 'प्लेटफर्म' सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार र जवाफदेही बनाउन उक्त विधेयक अघि बढाइएको स्पष्ट पार्नुभयो ।

विधेयकमा डिजिटल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी, फर्म एवं संस्थाले सञ्चालन अनुमति लिनुपर्ने, अनुमतिपत्रको नवीकरण गर्नुपर्ने, प्लेटफर्म सञ्चालनमा रोक लगाउन सक्ने, अनुमतिप्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त, सामाजिक सञ्जाल प्लेटफर्मबाट विषयवस्तु हटाउन निर्देशन दिनसक्ने र सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नुपर्ने सर्त उल्लेख गरिएको छ ।

यस्तै साइबर बुलिङ र स्टकिङ्ग तथा आइडी ह्याक, सेक्सटोर्सन वा एक्स्टोर्सन गर्न नहुने, अश्लील, मिथ्या वा भ्रामक विषयवस्तु प्रचारप्रसार तथा डिपफेक भिडियो अपलोड वा प्रचारप्रसार एवं बेनामी वा छद्मभेषी पहिचान बनाउन नहुनेलगायत विषय विधेयकमा समेटिएका छन् ।

विधेयकमा सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी अनुमतिपत्रको अवधि दुई वर्षको हुने र नवीकरण गर्न चाहेमा १५ दिन अगावै नवीकरणका लागि निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । अनुमतिपत्र प्राप्त व्यक्तिले मुलुकको शान्ति सुरक्षा, अमनचयन, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमानतमा खलल पुग्ने वा राष्ट्रहित प्रतिकूलका विषयवस्तु प्रसार गरे वा गराएमा सामाजिक सञ्जाल प्लेटफर्मको अनुमतिपत्र खारेज गर्न सक्ने तथा तोकिएको सर्त पालना नगरेमा सञ्चालनमा रोक लगाउन सक्ने व्यवस्था विधेयकमा गरिएको छ ।

यस्तै सामाजिक सञ्जाल प्रयोकर्ताले कसैको मान प्रतिष्ठामा आँच पुग्ने र होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृश्य, तस्बीरको ट्रोल बनाउने, गाली बेइज्जती वा हेट स्पीच, मिथ्या तथा भ्रामक सूचनाको दुष्प्रचार, सूचना तोडमरोड गरी प्रचारप्रसार, प्रचलित कानुनले निषेध गरेको वस्तुको विज्ञापन तथा कारोबार गर्न नपाउने उल्लेख छ । गलत मनसायले सामजिक सञ्जालमा पोष्ट, सेयर, लाइक, रिपोष्ट, लाइभ स्ट्रिमिङ, सब्सक्राइब, कमेन्ट, टचाग, ह्यासटचाग वा मेन्सन गरेमा सामाजिक सञ्जाल प्रयोगकतालाई रू पाँच लाखसम्म जरिवाना हुनेछ ।

उक्त ऐनको कार्यान्वयनबाट नेपालमा विद्युतीय स्वरूपमा रहेको सूचना सुरक्षा तथा वैयक्तिक विवरणको गोपनियताकोस्तरमा वृद्धि हुने, साइबर सुरक्षाका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्था भई साइबर सुरक्षाको अवस्थामा सुधार हुने तथा सूचना प्रविधिसम्बन्धी व्यवसायहरू व्यवस्थित, नियमित तथा मर्यादित भई यस क्षेत्रमा वैदेशिक लगानी वृद्धि हुने सरकारको भनाइ छ ।

सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्नेसम्बन्धी निर्देशिका, २०८० हाल कार्यान्वयनमा रहेको छ । आव २०८०/८१ को बजेटमा समेट सामाजिक सञ्जाल तथा डिजिटल प्लेटफर्म र डिजिटल मिडिया प्रयोगलाई व्यवस्थित र मर्यादित बनाइने तथा सामाजिक सञ्जालमा आधारित सञ्चार माध्यमलाई औपचारिक दायरामा आउन प्रोत्साहन गर्नुका साथै नियमनका लागि कानुनी व्यवस्थामा सुधार गरिनेछ भन्ने उल्लेख छ ।

# जनकपुर साहित्य महोत्सव : मधेसको राजनीति र सामाजिक संरचनाबारे गहन मन्थन

**अजयकुमार साह**

धनुषा, २८ माघ (रासस) ।

छैटौं जनकपुर साहित्य महोत्सवअन्तर्गत शनिबारको विशेषसत्र 'मधेसको मत'ले मधेसको राजनीति, जनचेतना र बदलिँदो सामाजिक संरचनाबारे गहन गन्थनमन्थन गरियो । सांसदहरु मनिष सुमन, योगेश भट्टराई र डा अमरेशकुमार सिंहले उक्त सत्रमा आफ्ना विचार व्यक्त गरेका थिए । तीनैजनाले मधेसको वर्तमान राजनीतिक अवस्थादेखि सामाजिक संरचनासम्मका विविध पक्षबारे उजागर गरे ।

सांसद सुमनले मधेसी जनतामा विद्यमान असन्तोष, राजनीतिक व्यवस्थाप्रतिको भरोसाको कमी र विकेन्द्रीकरणको क्रममा देखिएका अवरोधबारे विश्लेषण प्रस्तुत गर्दै भन्नुभयो, "मधेसमा अहिलेको सबैभन्दा ठूलो चुनौती राजनीतिक रूपमा सम्पूर्ण जनसमुदायलाई आवद्ध गर्नसक्ने नेतृत्वको अभाव हो । सङ्घीयता लागू हुँदा मधेसी समुदायको आकाङ्क्षा पूरा हुने विश्वास थियो । तर, वर्तमान अवस्था हेर्दा ती आकाङ्क्षा अझै परिपूर्ण भइसकेका छैनन् ।"

यस्तै सांसद भट्टराईले मधेसको बदलिँदो सामाजिक संरचनालाई विश्लेषण गर्दै समावेशिता, लैङ्गिक समानता र समुदायबीचको समन्वयमा केन्द्रित रहँदै भन्नुभयो, "मधेसमा सामाजिक रूपान्तरणका लागि भएको आन्दोलनले ठूला उपलब्धिहरू हासिल गरे पनि सामाजिकस्तरमा समानता र समावेशीताको पूर्णतः कार्यान्वयन हुनसकेको छैन । विशेषगरी लैङ्गिक समानता र सामाजिक न्यायको क्षेत्रमा अझै धेरै चुनौती छन् ।"

सांसद डा सिंहले मधेसको विकासमा शिक्षा र स्वास्थ्यको भूमिका उजागर गर्दै यस क्षेत्रमा आवश्यक सुधार र नीतिगत परिवर्तनबारे आफ्ना विचार राख्नुभयो । उहाँले भन्नुभयो, "मधेसको आर्थिक विकासका लागि शिक्षा र स्वास्थ्यको कमी भएको अव्यवस्थित अवस्था सबैभन्दा ठूलो अवरोध बनेको छ । स्वस्थ र शिक्षित जनशक्तिबिना हामी समृद्ध मधेसको परिकल्पना गर्न सक्दैनौं ।"

सत्रका सहजकर्ता पत्रकार टीकाराम यात्रीले विशेष सत्रको समापन गर्दै वक्ताका विचारलाई समेट्दै मधेसको सामाजिक संरचना, राजनीति र समग्र विकासलाई सम्बोधन गर्दै महत्त्वपूर्ण निष्कर्ष प्रस्तुत गर्नुभएको थियो ।

उत्सवमा समाजशास्त्री तथा मिथिला संस्कृतिका विशेषज्ञ डा सुवोधचन्द्र भारतीले 'सीता : बियाहक संस्कार आ परम्पराके समृद्ध साझा धरोहरक प्रतिरुप' मा गहन र विचारोत्तेजक प्रस्तुति दिनुभएको थियो । भारतीले मिथिला संस्कृतिमा सीताको विवाह र त्यसको अनन्तकालीन सांस्कृतिक महत्वबारे विस्तृत चर्चा गर्दै सीताको विवाहलाई मिथिला र आर्यसभ्यताको साझा सांस्कृतिक धरोहरका रूपमा व्याख्या गर्नुभयो ।

उहाँले भन्नुभयो, "सीताको विवाह केवल एउटा व्यक्तिगत र धार्मिक घटनामात्र थिएन, यो सम्पूर्ण समाजको समृद्ध सांस्कृतिक परम्परा र मान्यताको प्रतिविम्व थियो । सीताजस्तो आदर्श व्यक्तित्वको विवाहले नारी सशक्तीकरणको अवधारणालाई पनि बलियो बनाएको छ ।"

साहित्य महोत्सवमा 'उज्यालोको यात्रा' विषयमा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले प्राधिकरणले लोडसेडिङको समस्या कसरी समाधान गरेको भन्ने विषयमा आफ्नो अनुभव सुनाउनुभयो । सहजकर्ता कुन्दन झाले सञ्चालन गरेको उक्त सत्रमा कार्यकारी निर्देशक घिसिङले नेपालका विद्युत् क्षेत्रका प्रगति, चुनौती र सम्भावनाबारे चर्चा गर्नुभयो ।

महोत्सवमा 'राज्यको दृष्टिमा मधेस' शीर्षकमा भएको छलफलमा सांसद सन्तोष परियारले मधेसी समुदायको समस्या र सङ्घर्ष नयाँ नभएको बताउनुभयो । उहाँले इतिहासका विभिन्न कालखण्डमा मधेसलाई राज्यले उपेक्षित गरेको बताउनुभयो । राज्यले मधेसलाई हेर्ने दृष्टिकोणमा अझै परिवर्तन नआएकोमा सांसद परियारले चिन्ता व्यक्त गर्नुभयो ।

'आन्दोलन र साहित्य' सत्रका प्रमुख वक्ता प्रगतिशील साहित्यकार खगेन्द्र सङ्ग्रौलाले नेपाली साहित्य र आन्दोलनको अद्वितीय सम्बन्धको उजागर गर्दै साहित्य कुनै पनि समाजको गहिरो परिवर्तनको माध्यम मात्र नभई विद्रोहको एक सबल औजार पनि रहेको बताउनुभयो । उहाँले नेपाली राजनीतिक आन्दोलन र साहित्यको आपसी सम्बन्धबारे चर्चा गर्दै साहित्यले समाजलाई मात्र नभई चेतनालाई पनि क्रान्तिकारी दिशामा मोड्ने गरेको बताउनुभयो । उहाँले साहित्य र राजनीतिलाई केवल दुई अलग विधामात्र नभएर समाज परिवर्तनका लागि परस्पर पूरक तत्वका रूपमा व्याख्या गर्नुभयो ।

'समाज, साहित्य र सिनेमा तीन 'स'को अन्तरसम्बन्ध' शीर्षकअन्तर्गत साहित्य र सिनेमाको आपसी सम्बन्ध, प्रभाव र अन्तरक्रियाका विषयमा चर्चा गरिएको थियो । कवि विप्लव प्रतीक, अभिनेत्री केकी अधिकारी र अभिनेता तथा लेखक विजय बराल सहभागी उक्त सत्रको सहजकर्ता पूर्णेन्दुकुमार झा रहनुभएको थियो ।

कवि प्रतीकले समाज र साहित्यको आपसी सम्बन्धका बारेमा आफ्नो दृष्टिकोण राख्दै भन्नुभयो, "साहित्य भनेको समाजको ऐना हो । समाजमा भइरहेका घटना, प्रवृत्ति र विकृतिलाई साहित्यले आवाज दिन्छ । हामीले साहित्यमार्फत समाजलाई विश्लेषण गर्नेमात्र होइन, समाजलाई मार्गदर्शन गर्ने प्रयास गर्छौं ।"

अभिनेत्री अधिकारीले साहित्य र चलचित्रबीचको अन्तरसम्बन्धलाई उजागर गर्नुभयो । उहाँले भन्नुभयो, " चलचित्र भनेको साहित्यको एउटा दृश्यात्मक रूप हो । साहित्यले जुन भावना, विचार र सन्देशलाई व्यक्त गर्छ । चलचित्र त्यसलाई दृश्य र ध्वनिको माध्यमबाट व्यक्त गर्छ । तर, साहित्यको जस्तो गहिराई प्राप्त गर्न चलचित्रमा अझै धेरै चुनौतीपूर्ण छ । यद्यपि, अहिलेको समयमा धेरै सिनेमा साहित्यमा आधारित हुँदै बनेका छन् । यसले दर्शकलाई गहिरो गरी सोच्न बाध्य पार्छ ।"

अभिनेता तथा लेखक बरालले चलचित्र र समाजको गहिरो सम्बन्धको बारेमा चर्चा गर्दै भन्नुभयो, "चलचित्र भनेको समाजको एउटा चौकाउने साधन हो । यसको बलियो पक्ष भनेको यो दृश्यमा आधारित हुन्छ र यसले तत्काल व्यक्तिको भावनामा परिवर्तन ल्याउन सक्छ । चलचित्र एक शक्तिशाली माध्यम हो । यसले समाजको सामुन्ने धेरै जटिल मुद्दालाई सजिलोसँग राख्न सक्छ ।"

सहजकर्ता झाले समापनमा उक्त सत्रको निष्कर्ष निकाल्दै भन्नुभयो, "समाज, साहित्य र चलचित्र एकअर्कासँग गहिरो रूपमा जोडिएका छन् । यी तीनै माध्यमले एकअर्कालाई प्रभावित गर्छन् र समाजमा ठूलो प्रभाव पार्छन् । साहित्यले समाजलाई बदल्न सक्ने क्षमता राख्छ भने चलचित्रले समाजलाई सशक्त बनाउन सक्छ ।"

## विश्व समाचार

### मुठभेडमा ३१ माओवादी र दुई भारतीय सैनिकको मृत्यु

नयाँदिल्ली, २७ माघ (रासस/एएफपी) ।

सुरक्षा बलले लामो समयदेखि चलिरहेको विद्रोहलाई दमन गर्ने प्रयास गरिरहेको बेला मध्य भारतको घना जङ्गलमा आइतबार भएको मुठभेडमा कम्तीमा ३१ जना माओवादी विद्रोही र दुई जना भारतीय कमाण्डो मारिएका छन् । सीमान्तकृत आदिवासी जनताको अधिकारका लागि लड्दै आएका विद्रोहीहरूद्वारा चलाइएको दशकौं लामो विद्रोहमा १० हजारभन्दा बढी मानिस मारिएका छन् ।

"३१ विद्रोही र दुई सुरक्षाकर्मी मारिएका छन् र अन्य दुई सुरक्षाकर्मी घाइते भएका छन्", वरिष्ठ प्रहरी अधिकारी सुन्दरराज पी.ले भन्नुभयो । प्रहरीले क्षेत्रमा खोजी अभियान जारी राखेकोले मृत्यु सङ्ख्या अझै बढ्न सक्ने अधिकारीले बताउनुभयो । "घटनास्थलमा अतिरिक्त बल पठाइएको छ", उहाँले भन्नुभयो ।

प्रहरीको विज्ञप्ति अनुसार घटनास्थलबाट स्वचालित हतियार र ग्रेनेड लन्चर बरामद गरिएको छ ।विद्रोहको मुटु मानिने छत्तीसगढ राज्यको बिजापुर जिल्लाको जङ्गली क्षेत्रमा मुठभेड भएको थियो । "नक्सलवादी (माओवादी) मुक्त भारत हासिल गर्ने दिशामा यो ठूलो सफलता हो", भारतका गृहमन्त्री अमित शाहले भन्नुभयो । उहाँले गत वर्ष सरकारले २०२६ सम्ममा विद्रोह दबाउने अपेक्षा गरेको बताउनुभएको थियो । सरकारी तथ्याङ्कअनुसार सुरक्षा बलको कारबाहीमा गत वर्ष २८७ विद्रोही मारिएका छन् । तीसमध्ये अधिकांश छत्तीसगढमा मारिएका थिए ।

माओवादीहरूले स्थानीय बासिन्दाका लागि जमिन, रोजगारी र क्षेत्रको विशाल प्राकृतिक स्रोतको हिस्सा माग गर्दै आएका छन् । सरकारी तथ्याङ्कअनुसार सुरक्षा बलले गरेको कारबाहीमा गत वर्ष लगभग २८७ विद्रोही मारिएका छन्, जसमा छत्तीसगढमा ठूलो बहुमत रहेको छ ।

माओवादीहरूले स्थानीय बासिन्दाहरूका लागि जग्गा, रोजगारी र यस क्षेत्रको अपार प्राकृतिक स्रोतको हिस्सा माग गर्छन्। उनीहरूले भारतको पूर्व र दक्षिणका विभिन्न दुर्गम समुदायहरूमा प्रवेश गरे, र २००० को सुरुवात सम्म आन्दोलन शक्ति र संख्यामा बढ्दै गयो ।

त्यसपछि नयाँ दिल्लीले "रेड करिडोर" भनिने क्षेत्रमा हजारौं सैनिक तैनाथ गऱ्यो। यस द्वन्द्वमा सरकारी बलहरूमाथि धेरै घातक आक्रमणहरू पनि भएका छन्। गत महिना सडक किनारमा भएको बम विस्फोटमा कम्तीमा नौ भारतीय सैनिक मारिएका थिए ।

सरकारी तथ्याङ्कअनुसार सुरक्षा बलले गरेको कारबाहीमा गत वर्ष लगभग २८७ विद्रोही मारिएका छन्, जसमा छत्तीसगढमा ठूलो बहुमत रहेको छ। माओवादीहरूले स्थानीय बासिन्दाहरूका लागि जग्गा, रोजगारी र यस क्षेत्रको अपार प्राकृतिक स्रोतको हिस्सा माग गर्छन् । तिनीहरूले भारतको पूर्व र दक्षिणभरि धेरै दुर्गम समुदायहरूमा प्रवेश गरे, र २००० को दशकको सुरुसम्म आन्दोलनले शक्ति र संख्यामा वृद्धि गऱ्यो ।

त्यसपछि नयाँ दिल्लीले "रेड कोरिडोर" भनेर चिनिने क्षेत्रमा दशौं हजार सेना तैनाथ गऱ्यो । द्वन्द्वले सरकारी फौजमाथि थुप्रै घातक आक्रमणहरू पनि देखेको छ। गत महिना सडक किनारमा भएको बम विस्फोटमा कम्तीमा नौ जना भारतीय सैनिकको मृत्यु भएको थियो ।

### ट्रम्पले राजकुमार ह्यारीलाई निर्वासन नगर्ने

वासिङ्टन, २७ माघ (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले राजकुमार ह्यारीको आप्रवासन स्थितिमाथि प्रश्न गर्दै चलिरहेको मुद्दाका बाबजुद उहाँलाई संयुक्त राज्य अमेरिकाबाट निर्वासन नगर्ने बताउनुभएको छ । शुक्रबार न्युयोर्क पोस्टसँगको अन्तर्वार्तामा ट्रम्पले ह्यारीविरुद्ध कुनै कारबाही नगर्ने स्पष्ट पार्नुभयो ।

"म त्यसो गर्न चाहन्नँ", उहाँले भन्नुभयो, "म उहाँलाई एक्लै छोडिदिन्छु । उहाँकी श्रीमतीसँग पर्याप्त समस्या छ । उहाँकी श्रीमती भयानक हुनुहुन्छ ।"

यो बयान ह्यारीको भिसासम्बन्धी कानुनी चुनौतीहरूका बीच आएको हो । विशेषगरी हेरिटेज फाउण्डेसनले उहाँको भिसा आवेदन प्रक्रियामा विगतको गैरकानुनी लागूपदार्थ प्रयोगबारे खुलासा नगरेको सम्भावनाबारे चिन्ता व्यक्त गरेको रिपोर्टमा उल्लेख छ ।

न्युयोर्क पोस्टले ट्रम्पले ह्यारीका अलग भएका जेठा दाजु राजकुमार विलियमप्रति प्रशंसा व्यक्त गर्ने मौका पनि लिएको र उहाँलाई 'एक महान युवा' भन्नुभएको उल्लेख गरेको छ । दुई जनाले सन् २०२४ डिसेम्बरमा नोट्रे-डाम क्याथेड्रलको पुनः उद्घाटनका क्रममा पेरिसमा गोप्य रूपमा भेट गर्नुभएको थियो । उक्त भेट ह्यारी र उहाँकी श्रीमतीसँगको ट्रम्पको तनावपूर्ण सम्बन्धको विपरीत थियो ।

ड्युक र डचेस अफ ससेक्स मेघन मर्केल लामो समयदेखि ट्रम्पको मुखर आलोचक रहँदै आउनुभएको छ । मर्केलले अघिल्लो सार्वजनिक बयानहरूमा उहाँलाई 'विभाजनकारी' र 'महिला विरोधी' भन्नुभएको थियो भने ट्रम्पले नियमित रूपमा ह्यारीको उपहास गर्दै राजकुमार मेघनद्वारा 'नियन्त्रित' भएको दाबी गर्नुभएको छ । "मलाई लाग्छ बिचरा ह्यारी मेघनको पूर्ण नियन्त्रणमा हुनुहुन्छ", ट्रम्पले अघिल्लो अन्तर्वार्तामा टिप्पणी गर्नुभएको न्यूयोर्क पोस्टले रिपोर्ट गरेको छ ।

हेरिटेज फाउन्डेसनले होमल्याण्ड सेक्युरिटी विभागविरुद्ध दायर गरेको मुद्दाले ह्यारीको अमेरिकी भिसा आवेदनमा ह्यारीको आत्मकथा 'स्पेयर'मा कोकेन, गाँजा र साइकेडेलिक्स लगायतका लागूपदार्थको विगतको प्रयोगबारे गरिएको स्वीकारोक्तिलाई उद्धृत गर्दै उहाँको इमानदारीमाथि प्रश्न उठाएको छ ।

हेरिटेज फाउन्डेसनका नाइल गार्डिनरले भन्नुभयो, "संयुक्त राज्य अमेरिकामा आवेदन दिने जोसुकैले आफ्नो आवेदनमा सत्य बोल्नुपर्छ र राजकुमार ह्यारीको मामलामा यो स्पष्ट छैन", न्युयोर्क पोस्टले उल्लेख गरेको छ । रिपोर्टमा थप उल्लेख भएअनुसार रुढिवादी थिङ्क टचाङ्कले ह्यारी र मेगन बेलायती शाही परिवारबाट बाहिरिएपछि सन् २०२० मा क्यालिफोर्नियामा सर्नुभएको थियो र यसलाई व्यापक रूपमा 'मेगजिट' भनिन्छ । त्यसपछि बाइडेन प्रशासनबाट विशेष व्यवहार पाएको हुनसक्ने बताइएको छ ।

# कञ्चनपुर–कमला सडक : चार वर्षमा निर्माण प्रगति ५३ प्रतिशत

सिरहा, २७ माघ (रासस)।

सरकारको रूपान्तरकारी गौरवको आयोजनाअन्तर्गत कञ्चनपुर-कमला सडकखण्ड विस्तार तथा स्तरोन्नतिको काम चार वर्षमा ५३ दशमलव चार प्रतिशत निर्माण प्रगति सम्पन्न भएको छ। सप्तरीको कञ्चनपुरबाट सिरहाको कमलासम्म ८६ दशमलव ८३ किलोमिटर पूर्वपश्चिम लोकमार्गको यस सडक विस्तार तथा स्तरोन्नतिका लागि दुईपटक म्याद थपिसकिएको छ।

सडक निर्माणको कार्यको थालनी सन् २०२० अक्टोबर २९ देखि सुरू भई २०२३ अक्टोबर २८ सम्म सक्नुपर्ने भए पनि समयमा काम सम्पन्न नभएपछि पहिलोपटक म्याद थप गरी २०२४ डिसेम्बर २८ सम्म पुऱ्याइएको थियो। तर, यस थपिएको समयमा पनि आधामात्र काम सम्पन्न भयो। त्यसपछि अन्तिम पटकलाई भन्दै अहिले पुनः २०२५ डिसेम्बर ३१ सम्म एक वर्षको म्याद थप गरिएको सडक विभागअन्तर्गत कञ्चनपुर-कमला सडक योजना पश्चिम खण्डका प्राविधिक शाखा इन्जिनियर सरोज कोइरालाले जानकारी दिनुभयो।

दुई खण्डमा निर्माण भइरहेको यस आयोजनाको लागत रू १५ अर्ब ६६ करोड ४४ हजार नौ सय ८३ (भ्याट र पिससमेत) रहेको छ। यो आयोजनामा ८६ दशमलव ८३ किलोमिरट सडक कालोपत्र गर्ने, दुई सय २९ वटा कल्भर्ट र ५४ वटा मुख्य पुल निर्माण गर्नुपर्ने सम्झौता रहेको छ। सहरी क्षेत्रमा छ लेनको सडक विस्तारको काम भइरहेको छभने अन्यन्त्र चार लेनको सडक निर्माण भइरहेको छ।

चिनियाँ निर्माण कम्पनी 'चाइना रेलवे-२ इन्जिनियरिङ ग्रुप' ले ठेक्का पाएको यस आयोजनाअन्तर्गत हालसम्म पश्चिम (सिरहा) खण्ड बलानबाट कमलासम्म ४७ किलोमिटर सडक निर्माणको लागत रू आठ अर्ब ३८ करोड ९९ लाख ६८ हजार सात सय ४८ रहेको छ। पश्चिम खण्ड प्राविधिक शाखाका इन्जिनियर कोइरालाका अनुसार यस खण्डमा २५ वटा पुल र एक सय १५ वटा कल्भर्ट निर्माण गर्नुपर्नेमा हालसम्म १७ वटा पुलको ढलान सम्पन्न भएको छभने आठवटा पुलको ढलान सम्पन्न हुन बाँकी छ।

"सम्झौता भएको तीन वर्ष र थप १४ महिना गरी चार वर्ष दुई महिनामा ५५ दशमलव ३९ प्रतिशतमात्र भौतिक प्रगति भएको छ", इन्जिनियर कोइरालाले भन्नुभयो, "जसअन्तर्गत सडकको दायाँतर्फ २४ किलोमिटर र बायाँतर्फ २१ किलोमिटर कालोपत्र बिछ्याउने काम सम्पन्न भएको छ। त्यस्तै दुईवटा फ्लाइओभरको काम हुन बाँकी रहेको छभने दुईवटा अण्डर पासको काम सुरू गरिएको छ।"

समयसीमामा लक्ष्यअनुसारको भौतिक प्रगति नहुनुमा काम सुरू गरेको सुरूको अवस्थामा कोरोनाले प्रभावित बनाएको र बीचबीचमा निर्माणमा अवरोध तथा विद्युत्का पोलको स्थानान्तरण नगरिनु रहेका उहाँले बताउनुभयो।

त्यसैगरी एउटै निर्माण कम्पनी र समयसीमा रहेको पूर्वी खण्ड (सप्तरी) कञ्चनपुरबाट कुशहवासम्मको ३९ किलोमिटर पूर्वी खण्डका लागि रू सात अर्ब २७ करोडमा ठेक्का लागेको यस खण्डमा पश्चिम खण्ड (सिरहा)को जति पनि भौतिक प्रगति नभएको यस खण्डका प्राविधिक शाखाका इन्जिनियर राजीव झाले जानकारी दिनुभयो। उहाँका अनुसार यस खण्डको भौतिक प्रगति ५१ दशमलव ४२ प्रतिशतमात्र भएको छ।

सडक पूर्वाधार आयोजनाको अवस्था सुस्त हुँदा कञ्चनपुर-कमलावासीले वर्षामा हिलो र हिउँदमा धुलोको सास्ती भोग्दै आएका छन्। थपिएको एक वर्षको अवधिमा पनि निर्माण सम्पन्न हुन्छ भन्नेमा आश्वस्त छैनन् नागरिकहरू। निर्धारित समयमा पूर्वाधार निर्माण हुन नसक्दा देशको अर्थतन्त्रमा समेत गम्भीर असर पर्ने गरेको विज्ञहरू बताउँछन्।

# 'जल यातायातलाई व्यवस्थित गर्न पानी जहाजसम्बन्धी ऐन आवश्यक'

काठमाडौँ, २७ माघ (रासस)।

भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले उच्च समुद्रमा नेपाली झण्डा अङ्कित पानी जहाज सञ्चालनका लागि कानुनी ढोका खोल्न सरकारले पानी जहाजसम्बन्धी विधेयक अघि बढाएको स्पष्ट पार्नुभएको छ।

राष्ट्रियसभाको आइतबारको बैठकमा 'पानी जहाज (सञ्चालन तथा व्यवस्थापन) विधेयक, २०८१ माथि विचार गरियोस्' भन्ने प्रतावमाथिको छलफलमा सांसदले उठाउनुभएको जिज्ञासाको जवाफ दिँदै उहाँले देशभित्र चलिराखेको र विस्तार हुनसक्ने जल यातायातलाई व्यवस्थित गर्न तथा समुद्रमा काम गर्दै गरेको नेपालीको नाविक परिचायपत्रलगायतको दस्तावेज तयार गर्न पनि सोसम्बन्धी कानुन आवश्यक भएको बताउनुभयो।

मन्त्री पौडेलले संयुक्त राष्ट्रसङ्घीय महासन्धिमा कुनै भूभागको दुई सय माइलभन्दा परको सामुद्रिक खानी, माछा मार्नेलगायत जलचरको उपयोग, सामुद्रिक अनुसन्धानात्मक कार्य र पानी जहाज सञ्चालन गर्ने कार्यमा भूपरिवेष्टित मुलुकको समान अधिकार हुने व्यवस्था भए पनि नेपालले उक्त स्रोतको उपयोग गर्न नसकिरहेको अवस्था रहेको जानकारी गराउनुभयो।

सो अधिकार उपयोग गर्नका लागि नेपाल उक्त महासन्धिको पक्ष राष्ट्र हुनुपर्ने अवस्था रहेको उल्लेख गर्दै उहाँले सो महासन्धिलाई नेपालको आन्तरिक कानुनी व्यवस्थामार्फत सम्बोधन गर्न यसअघि भएका पानी जहाजसम्बन्धी ऐनले कुनै व्यवस्था नगरेको बताउनुभयो।

"समुद्रमा काम गर्न अत्यावश्यक हुने नाविक परिचयपत्र नेपालले प्रदान गर्नका लागि कानुनी व्यवस्थापन नभएको र उक्त महासन्धि नेपालले अनुमोदन नगरेको हुँदा छिमेकीलगायत अन्य देशहरूबाट परिचयपत्र लिई काम गरिरहेको देखिन्छ", मन्त्री दाहालले भन्नुभयो। अन्य मुलुकबाट परिचयपत्र लिन कठिन हुँदा समुद्रमा रोजगारीको संरक्षण र विस्तार गर्न नसकिएको उहाँको भनाइ छ।

त्यसअघि उक्त विधेयकमाथिको सैद्धान्तिक छलफलमा सांसद भगवती न्यौपाने, वेदुराम भुसाल, तुलसा दाहाल, गोपीबहादुर अछामी सार्की, विष्णुकुमारी सापकोटा, रूक्मिणी कोइराला, सुरेश आलेमगर, पदमबहादुर परियार र सुमित्रा विसीले भाग लिनुभएको थियो।

बैठकले उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको थियो। राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले उक्त विधेयकमाथि संशोधन राख्न चाहने सांसदलाई विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने जानकारी गराउनुभयो। राष्ट्रियसभाको अर्को बैठक यही माघ २८ गते सोमबार अपराह्न १३:१५ बजे बस्नेछ।

## जनमत र नाउपाबीच ...

डा. बाबुराम भट्टराई नेतृत्वको नेपाल समाजवादी पार्टी नयाँ शक्तिको प्रथम महाधिवेशन उद्घाटन समारोहमा चौधरीले जनमत पार्टीसँग एकताबारे बोलेका हुन्।

मन्तव्यका क्रममा रेशमले जनमतसँग एकता अगाडि बढिसकेकाले अरू दलहरूलाई पनि एकताको निम्ति आह्वान गरे भने। नेसपा (नयाँ शक्ति), विवेकशील साझा लगायत वैकल्पिक आवाज उठाइरहेका पार्टीहरूसँग एकता गरेर जान सकिने चौधरीले बताएका थिए।

स्रोतका अनुसार नाउपा र जनमतबीच एकता प्रक्रिया सकारात्मक निष्कर्षमा रहेकाले नै रेशमले त्यस्तो भाषण गरेका हुन्।

बि.स. २०७९ को चुनावमा नवगठित यी दुवै पार्टीले अप्रत्यासित मत पाएर राष्ट्रिय राजनीतिमा आएका थिए। प्रतिनिधिसभामा जनमतसँग ६ सिट र नाउपासँग ४ सिट छ।

## 'निःशुल्क उपचारको ...

चौधरी तथा जलनपीडित सांसद चन्द्र भण्डारीसहितको टोलीले भेट गरेको थियो।

करिब रू १८ करोड लागतमा समूहले प्रतिबद्धता जनाएको अस्पतालका लागि केही दिनमै समझदारी गरेर काम अघि बढाउने तयारी भइरहेको मन्त्री पौडेलको सचिवालयले जनाएको छ।

# RAJBIRAJ MUNICIPALITY

OFFICE OF THE MUNICIPAL EXECUTIVE

Rajbiraj, Saptari

Madhesh Province, Nepal

## Request for Quotation

for

**HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING**

(Date of First Publication: B.S. 2081/10/28 (A.D. 10/02/2025)

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Rajbiraj :Municipality, Saptari District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for ***Hiring a Firm for Skills Development Training in Rajbiraj Municipality***.
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Rajbiraj Municipality, Saptari District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S.N. | Description | RFQ Document Fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in Rajbiraj Municipality (RMUN/PMEP/YETI/01/2081/082) | Rs. 1000 | 2081/11/12 12:00 Noon | 2081/11/13 12:00 Noon | 2081/11/13 2:00 PM |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized.
8. The Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and other information please consult to the below address.

Address: Rajbiraj Municipality, Rajbiraj, Saptari
Telephone No: 9852842111, 9852821184
Website: www.rajbirajmun.gov.np

Rajbiraj Municipality,
Rajbiraj, Saptari

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८१/१०/२७

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम सुदामी बति वैश्यनीको नाममा दर्ता रहेका साबिक प्रगन्ना जगदर मौजे थल्ही कट्टीको सा.कि.नं. ४४ को ज.वि. ०-२-११, ऐ.ऐ. सा.कि.नं.९ ज.वि.०-३-४ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स बोरिया वडा नं. ४ हाल राजविराज न.पा. वडा नं. १६ बस्ने सुदामी बति वैश्यनीको बुहारी कुशेश्वर लाल देवको पत्नी विन्दा देवी वैश्यनीको यस कार्यालयमा द.नं. १६४३७ मिति २०८०/११/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०१/०७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४<br>९ | सुदामी बति वैश्यनी | जमुनि मधेपुरा | ४ | २५८<br>२५९ | ०-१-९<br>०-१-१० | बिन्दा देवी वैश्यनी | यो जग्गाको फिल्डबुकको कैफियत महलमा यो जग्गा बोरिया बस्ने सुदामा बतिको हो उल्लेख रहेको ज.ध. महल खाली, किसानको महल खाली, किसानको व्यहोरा महल खाली भएको। |

नायब सुब्बा

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*